दि.प्र.१३५

# श्री भवानी सामुदायिक वन उपभोक्ता समूह

## गोदावरी न.पा. ४ शौकीगडा, कैलाली

### काठ लिलाम बिक्री सम्बन्धि विस्तृत विवरण सहितको सूचना ॥

( सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०७९/०१/१५)

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रबाट आ.व.२०७७।०७८मा खुटिया सडक सुरेभन्ज्याङ सडक लाईनमा परेका रुखहरुबाट संकलन भै सा.व.उ.स.कम्पाउण्डमा घाटगद्दी भएको अस्ना,हल्दु,खयर,अन्यजात गोलिया काठ तपशिल बमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु परेको हुदा मुल्य अभिवृद्धि करमा दर्ता भएका काठ व्यवसायी फर्म वा उद्योगले मात्र निम्न शर्तको अधिनमा रही यो सम्बन्धि सूचना ( सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र जिल्ला प्रशासन कार्यालय कैलाली, डिभिजन वन कार्यालय धनगढी कैलाली र यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयबाट बोलपत्र खरीद गरी २२ औ दिनको ३.० बजे भित्र यस सा.व.उ.स. कार्यालयमा सिलवन्दी बोलपत्र दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएका छ ।

## तपशिल

| सि. नं. | लट नं./आ.व. २०७७/०७८ | घाटगद्दी स्थान | जात | ग्रेड | थान | परिमाण क्यू.फी | न्यूनतम मुल्य प्रति क्यु.फिट/प्रति चट्टा रु. | लागत खर्च प्रति क्यु.फिट |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०७८।०७९ | सा.व.उ.स. कम्पाउण्ड | साल गोलिया | ए | ३८ | ५०२।१५ | १०००।०० | १४०।० |
| | | | | बि | ३८ | २९२।८७ | ७००।०० | |
| | | | | सि | ४३ | १७३।४४ | ५००।०० | |
| | | | जम्मा | | ११९ | ९६८।४६ | | |
| | | | अस्ना गोलिया | ए | २२ | ४०३।३१ | ३००।०० | |
| | | | | बि | ११७ | ७२४।३८ | २००।०० | |
| | | | जम्मा | | १३९ | ११२७।६९ | | |
| | | | हल्दु गोलिया | ए | २ | ३१।२३ | ३००।० | |
| | | | | बि | ६ | ४८।४९ | २००।० | |
| | | | जम्मा | | ८ | ७९।७२ | | |
| | | | कुल जम्मा | | २६६ | २१७५।८७ | | |

## शर्तहरु

१. यो सम्बन्धि सूचना ( सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्रमा मु.अ.कर दर्ता भएका काठ व्यवसायी ,फर्मले रु १०००।०० (फिर्ता नहुनेगरि) तिरी श्री जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय र यस सा.व.उ.स को कार्यालयबाट वोलपत्र फाराम २१ औ दिनको ३:०० बजे भित्र खरिद गर्न सकिनेछ ।

२. आफुले सकार गरेको अंकको १०% ले हुने धरौटी बापतको रकम सा.व.उ.स.को नाममा रहेको श्री ........................................................................ हि.नं.....................................................मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैकको ६ महिनाको वैक ग्यारेण्टी, मु.अ.करमा दर्ता भएको प्रमाणपत्र, काठ व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत वोलपत्रसाथ संलग्न गरी शिलबन्दी वोलपत्र पेश गर्नु पर्नेछ ।

३. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा क्रमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै वोलपत्र बिक्री, दर्ता, खोल्ने कार्य हुनेछ ।

४. वोलपत्र दाताले वोलपत्रमा आफ्नो नाम ठेगाना लेखी दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलबन्दी गरी खामको बाया तर्फ आफ्नो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दायातर्फ वोलपत्र पेश हुने कार्यालयको नाम, विषय र लट न उल्लेख गरी वोलपत्र पेश गर्नु पर्नेछ ।

५. वोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलवन्दी वोलपत्रहरु सूचना प्रकाशित भएका मितिले २२ औ दिनको ३.०० वजे भित्रमा यस सा.व.उ.स को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

७. निर्धारित म्याद भित्र रितपूर्वक दर्ता हुन आएका वोलपत्र सूचना प्रकाशित भएका मितिले २३ औ दिनको ११.०० वजे ( वोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि) नियमानुसार यस सा.व.उ.स.को कार्यालयमा वोलपत्र खोलिनेछ ।

८. पर्न आएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समुहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रीत नपुगेको वोलपत्र उपर कुनै कारबाही हुने छैन ।

९. वोलपत्र स्वीकृत भएको सूचना वोलपत्र खोलिएको मितिले बढीमा ७ दिन भित्र यस सा.व.उ.स.को कार्यालयमा सूचना पार्टिमा टास गरिने छ । यो सूचना टास भएको मितिले १५ दिन भित्र सम्बन्धित सकारकर्ताले सकार रकम जम्मा गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागी राखेको धरौटी नियमानुसार जफत गरी १० भित्र परेका क्रमश: दोस्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सूचना प्रकाशित गरिने छ । सो को जानकारी सकारकर्ता स्वयंमले लिनु पर्नेछ ।

१०. वोलपत्रदाताले काठ हेर्न चाहेमा उपभोक्ता समुहको घाटगद्दीमा हेर्न सकिने छ ।

११. सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.कर, संकलन खर्च रकम समेत थप दाखिला गर्नु पर्नेछ ।

१२. अन्य जानकारीका लागी कार्यालय समयमा यस सा.व.उ.स.को कार्यालयमा तथा डिभिजन वन कार्यालय कैलाली धनगढीमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०७९ साल वैशाख महिना १५ गते रोज ६ शुभम् ।

CamScanner